# पाकिस्तानका पूर्व गुप्तचर प्रमुखलाई १४ वर्षको जेल सजाय



■ एजेन्सी

इस्लामाबाद । पाकिस्तानको सैन्य अदालतले पाकिस्तानको शक्तिशाली इन्टर-सर्भिस इन्टेलिजेन्स जासुसी एजेन्सीका पूर्वप्रमुखलाई राज्यको गोप्यताको उल्लंघन र अख्तियारको दुरुपयोग लगायतका अभियोगमा १४ वर्षको जेल सजाय सुनाएको सेनाले बिहीबार जनाएको छ ।

जेलमा रहेका पूर्वप्रधानमन्त्री इमरान खानको कार्यकालमा सेवा गरेका फैज हमिदलाई राजनीतिक गतिविधिमा संलग्न रहि व्यक्तिहरूलाई गलत क्षति पुऱ्याएको अभियोगमा दोषी ठहर गरिएको सेनाले विज्ञप्तिमार्फत जनाएको छ । सन् २०२३ मा प्रकाशित सर्वोच्च अदालतको कागजातअनुसार, फैज हमिदमाथि शक्तिको दुरुपयोग र निजी व्यवसायमा छापा मारेको आरोप लगाइएको छ ।

गुप्तचर प्रमुखलाई पाकिस्तानी सेनाको दोस्रो सबैभन्दा शक्तिशाली पद मानिन्छ । लामो कानुनी कारबाहीपछि अभियुक्तलाई सबै अभियोगमा दोषी ठहर गरी अदालतले १४ वर्षको कारावासको सजाय सुनाएको विज्ञप्तिमा जनाइएको छ ।

विज्ञहरूका अनुसार फैज हमिद इमरान खानका कट्टर समर्थक थिए, जसलाई केही शीर्ष नेताहरूको समर्थन गुमाएपछि अविश्वास मतद्वारा हटाइएको थियो । सेना प्रमुखको प्रतिष्ठित पदका लागि दावेदारका रूपमा रहेका जनरल, फैज हमिदले खानले सत्ता गुमाएको केही महिनापछि प्रारम्भिक सेवा निवृत्ति लिएको जनाइएको छ । यस लगतै उनलाई पाकिस्तानी सेना ऐन उल्लंघन गरेको पनि आरोप लगाइएको थियो ।

# म्यान्माको अस्पतालमा हवाई आक्रमण, कम्तीमा ३१ जनाको मृत्यु



■ एजेन्सी

म्यान्मा । म्यान्माको अस्पतालमा भएको सैन्य हवाई आक्रमणमा कम्तीमा ३१ जनाको मृत्यु भएको छ । म्यान्माको गृहयुद्ध सुरु भएदेखि जुन्टाले हवाई आक्रमण बढाएको द्वन्द्व पर्यवेक्षकहरूले बताएका छन् । सेनाले २८ डिसेम्बरदेखि सुरु गर्ने मतदानको विरोध घोषणा गर्दै विद्रोहीहरूले यसलाई आफ्नो नियन्त्रणको क्षेत्रबाट रोक्ने वाचा गरेका छन्, जसलाई जुन्टाले फिर्ता लिन लडिरहेको छ ।

१ सैन्य जेटले बुधबार साँझ बंगलादेशको सिमानामा रहेको पश्चिमी राखाइन राज्यको म्राक-यूको अस्पतालमा बम प्रहार गरेको अस्पतालका सहायताकर्मी वाई हुन आङले बताएका छन् । अवस्था निकै डरलाग्दो भएको बताउँदै उनले ६८ जना घाइते भएकाले थप मानिसहरूको मृत्यु हुन सक्ने बताएका छन् । अस्पताल बाहिर जमिनमा कम्तीमा २० वटा शव देखिएको जनाइएको छ ।

राखाइन राज्य लगभग पूर्णरूपमा अराकान आर्मी (एए) द्वारा नियन्त्रित छ भने १ जातीय अल्पसंख्यक समूह सेनाले लोकतान्त्रिक नेता आङ सान सुकीको नागरिक सरकारलाई अपदस्थ गर्नुभन्दा अघिदेखि सक्रिय छ ।

स्वास्थ्य विभागको विज्ञप्तिमा हवाई आक्रमणमा अस्पतालका १० जना बिरामीहरूको घटनास्थलमै मृत्यु भएको जनाइएको छ । शक्तिशाली प्रतिद्वन्द्वी-एए म्यानमालाई ध्वस्त पार्ने गृहयुद्धमा सबैभन्दा शक्तिशाली विपक्षी समूहहरूमध्ये एकको रूपमा देखापरेको छ भने अन्य जातीय अल्पसंख्यक लडाकुहरू र प्रजातन्त्र समर्थक पक्षपातीहरू पनि सक्रिय छन् ।

सेनाद्वारा सञ्चालित चुनावको संयुक्त राष्ट्रसंघलगायतका पर्यवेक्षकहरूले व्यापक आलोचना गरेको भए पनि बेइजिङ आफ्नो छिमेकीमा सामाजिक स्थिरता पुनर्स्थापना गर्नुपर्ने भन्दै प्रमुख समर्थकका रूपमा देखा परेको छ । द्वन्द्व पर्यवेक्षकहरूका अनुसार ए-एले जुन्टाका लागि शक्तिशाली विरोधी साबित भएको छ र अहिले राखाइनको १७ वटा बस्तीहरू नियन्त्रण गरेको छ । समूहलाई यस क्षेत्रका अधिकांश मुस्लिम रोहिंग्या जातीय अल्पसंख्यकहरू माथि अत्याचार गरेको आरोप पनि लगाइएको छ । यसैबीच सेनाले राखाइनलाई अवरुद्ध गरेको छ, जसले मानवीय संकट, भोकमरी र कुपोषणमा वृद्धि गरेको विश्व खाद्य कार्यक्रमले बताएको छ ।

# कम्बोडियाको आर्थिक वृद्धि सीमा विवाद र अमेरिकी शुल्क वृद्धिका कारण सुस्तः विश्व बैंक

■ एजेन्सी

नोमपेन । सम्पत्ति क्षेत्रमा गिरावट, थाइल्यान्डसँगको सीमा विवाद र अमेरिकी शुल्क वृद्धिले कम्बोडियाको आर्थिक वृद्धिमा बाधा पुऱ्याएको विश्व बैंकको आर्थिक प्रतिवेदनले जनाएको छ । कम्बोडियाको अर्थतन्त्र सन् २०२५ मा ४.८ प्रतिशतले बढ्ने अनुमान विश्व बैंकले गरेको थियो । जुन सन् २०२४ मा ६ प्रतिशत थियो ।

सम्पत्ति बजार मन्दीले घरेलु माग र निर्माण गतिविधिलाई कमजोर बनाएको तथा सीमा तनावले श्रम बजार र पर्यटनलाई अवरुद्ध गरेको प्रतिवेदनमा उल्लेख गरिएको छ । गत अगस्ट-१ मा अमेरिकाले कम्बोडियाबाट आयात गरिएका सबै सामानहरूमा १९ प्रतिशत शुल्क लगाएको थियो ।

कम्बोडियाले संयुक्त घरेलु र बाह्य कारणहरूबीच एक चुनौतीपूर्ण अवधिमा यात्रा गरिरहेको कम्बोडियाका लागि विश्व बैंककी कन्ट्री म्यानेजर तानिया मेयरले बताइन् । उनले व्यापार वातावरण सुधार गरी अनौपचारिक उद्यमहरूलाई समर्थन गर्न र रोजगारी सिर्जना गर्न अत्यावश्यक रहेको बताएकी छन् । प्रतिवेदनका अनुसार कम्बोडियाको अन्तर्राष्ट्रिय भण्डारको अवस्था सामान्य छ भने लगभग ७.५ महिनाको आयातलाई समेटेको छ । यसै गरी सार्वजनिक ऋण घरेलु उत्पादन (जिडिपी) को लगभग २६ प्रतिशतभन्दा कम छ । यस वर्ष मुद्रास्फीति औसत २.७ प्रतिशतमा रहेको र विदेशी प्रत्यक्ष लगानी प्रवाह २८.४ प्रतिशतले वृद्धि भएको प्रतिवेदनले जनाएको छ ।

# अफगानिस्थानद्वारा शरणार्थीलाई सहयोग गर्ने संस्थाहरूसँगको सम्झौतामा हस्ताक्षर

■ एजेन्सी

काबुल । अफगानिस्तानको शरणार्थी तथा स्वदेश फिर्ती मन्त्रालयका अधिकारीहरूले शरणार्थी र आन्तरिक रूपमा विस्थापित परिवारहरूलाई सहयोग गर्न नर्वेजियन अन्तर्राष्ट्रिय सहायता संगठनसँगको सम्झौता (एमओयु) मा हस्ताक्षर गरेको छ । सम्झौताअन्तर्गत, उत्तरी प्रान्त फरयाबमा २ हजार २३१ व्यक्तिहरूलाई सहयोग गर्न ३ लाख १० हजार अमेरिकी डलरभन्दा बढी छुट्याइने मन्त्रालयको विज्ञप्तिमा उल्लेख गरिएको छ । सहयोग बाट कोषले स्वास्थ्य सेवाहरू लगायतका अन्य अत्याआवश्यक सामाजिक समर्थन प्रदान गर्नमा ध्यान केन्द्रित गर्ने जनाइएको छ । यसैगरी अफगानिस्तान राष्ट्रिय विपद् व्यवस्थापन प्राधिकरणले बुधबार घरेलु सहायता एजेन्सीसँग छुट्टै ४ लाख ६२ हजार डलरको सम्झौता गरेको छ । जसको उद्देश्य पूर्वी प्रान्त पक्तिकाका बासिन्दाहरूमा विपद् जोखिम व्यवस्थापनका बारेमा चेतना जगाउनु तथा उनीहरूको उचित व्यवस्थापन गर्नु हो ।


## Badhaiyatal Rural Municipality
## Office of the Rural Municipal Executive
Mainapokhar, Bardiya
Lumbini Province, Nepal

**Letter Of Intent To Award The Contract Notice**

Date of publication: 26 Mangsir, 2082

| S.N | Description of Work and IFB No. | Lowest Evaluated Substantially Responsive Bidder | Bid Amount (With VAT & PS) |
|---|---|---|---|
| 1 | Construction of RCC Drain From Shitalabazar Kha Line Hulaki Rajmarga To Jutepani ward no 09 (BTRM/NCB/WORKS/09/2082/083) | Jaya Gurudev Construction, Barbardiya-09,Bardiya | Nrs. 33,58,726.28/- |

Pursuant to sub rule no- 27(2) & 27(3) of Public Procurement Act-2063, it is notified to all concerned that, it is our intention to award the contract for the execution of following work to the lowest evaluated substantially responsive bidder.

**Chief Administrative Officer**

## Machhapuchchhre Rural Municipality
## Office of Rural Municipal Executive
Lahachowk Kaski
Gandaki Province, Nepal

**Invitation for Electronic Bids**

**Date of first publication: 12th Dec 2025 (2082 Mangsir 26)**

1. Office of Machhapuchchhre Rural Municipality, Lahachowk, Kaski invites electronic bid from registered contractor for following works under National Competitive Bidding procedure.

| S.N | IFB No. | Name of Project | Estimated Amount (With Vat And PS) (NRs) | Bid Validity Period | Bid Security | | Bid Doc. Fee (NRs) |
|---|---|---|---|---|---|---|---|
| | | | | | Amount (NRs) | Validity Period | |
| 1 | MRM/NCB/W/ BDG/082-83/17 | Construction of infrastructure in the homestay area located in Lwang Village | 24,54,544.10 | 90 days | 65,000.00 | 120 days i.e. (Must be Valid Up to 2026/05/11 or 2083/01/28) | 3000.00 |
| 2 | MRM/NCB/W/ WS/082-83/08 | Idikhola Khoramukh Khanepani Yojana | 39,28,757.75 | | 1,00,000.00 | | |

2. Eligible Bidders may obtain other information from PPMO website www.bolpatra.gov.np/egp.
3. Bidder may download bid documents for e-submission from PPMO's Website www.bolpatra.gov.np./egp,. Bidders should deposit the cost as maintain above of Bid documents in the account as specified.
   **Account Name: GA-1.1 MACHHAPUCHCHHRE GA. PA. ANTARIK RAJASWO KHATA**
   **Name of the Bank: Prabhu Bank Ltd.**
   **Office Code no : 801043903**
   **Office Account No: 1400109223400069**
   **Rajaswa (revenue) Shirshak No :14229**
4. Pre-bid meeting shall be held on 2nd Jan 2026 at the 11:00 Hrs on client office.
5. Electronic bids must be submitted to the office through PPMO website www.bolpatra.gov.np/egp on or before **12:00 noon 12th Jan 2026 (2082 Poush 28)** Bids received after this deadline will be rejected.
6. The bids will be opened in the presence of Bidders' representatives who choose to attend at **13:00 Hrs. 12th Jan 2026 (2082 Poush 28)** at the Office of Machhapuchchhre Rural Municipality, Lahachowk, Kaski.
7. If the last date of purchasing and /or submission falls on a government holiday, then the next working day shall be considered as the last date. In such case the validity period of the bid security shall remain the same as specified for the original last date of bid submission.
8. The Purchaser reserves the right to accept or reject, wholly or partly any or all the bid without assigning any reason, whatsoever.

**Chief Administrative Officer**

**Invitation For Bids**

## Kispang Rural Municipality
## Office of Rural Municipal Executive
Kahule, Nuwakot
Bagmati Province, Nepal

***Invitation For Bids***
***(Electronic Bid Only)***

Date of Publication: 2025/12/12

Kispang Rural Municipality, Office of Rural Municipal Executive Kispang-3,Kaule, Nuwakot invites electronic Sealed Quotation from Eligible Bidders for the following supply and delivery of goods .

| Contract No | Description | Estimate Amount Including VAT | Bid Security Amount | Bid Security Validity Period | Price of Bid Documents | Last Date of Submission | Bid Opening Date and Address |
|---|---|---|---|---|---|---|---|
| KRM/SQ / GOODS/ 02/ 2082/83 | Procurement of Veterinary Medicine | NRS: 10,99,972 | 30,000 | 30 | 1,000 | 28-12-2025 12:00 PM | 28-12-2025 13:00 PM at Kispang Rural Municipality, Nuwakot Kahule Kaule, Nuwakot Bagmati Province Nepal |

1. Details of the bank for the cost of the bid document are as follows: Sanima Bank Ltd., Kispang-3, Kaule Branch, Account No. 059010040000008 (Rajaswa/Revenue Shirshak No. 14529). Cash deposit for bid security shall be made at Sanima Bank Ltd., Kispang-3, Kaule Branch, Deposit Account No. 059010020000015 (Kispang Ga.Pa. GA3 Sthaniya Taha Dharauti Khata). The name of the office is Kispang Rural Municipality, Office of the Municipal Executive, Kispang-3, Kaule, Nuwakot.
2. Eligible bidders are advised to visit the e-GP portal of the PPMO website for further details or may contact Kispang Rural Municipality, Office of the Municipal Executive, Kispang-3, Kaule, Nuwakot, Telephone:9863836338, or Email: kispangrm@gmail.com
3. Matters not covered by this notice shall be governed by the Public Procurement Act, 2063, the Public Procurement Regulation, 2064, and other prevailing regulations and their latest amendments.

*Chief Administrative Officer*
*Kispang Rural Municipality*